This Question Paper consists of **29** questions and **8** printed pages.
यस प्रश्न–पत्रमा **29** प्रश्न र **8** मुद्रित पृष्ठ छ ।

Roll No.
अनुक्रमांक

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

# NEPALI
# (नेपाली)
# (231)

**Code No.** **64/S/O/N**
**कोड नं.**

**SET** **A**

Day and Date of Examination ..........................................................................

(परीक्षाको दिन अनि दिनाङ्क)

Signature of Invigilators 1. ..........................................

(निरीक्षकहरूको हस्ताक्षर) 2. ..........................................

---

**सामान्य अनुदेश :**

1. परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न–पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ ।
2. प्रश्न–पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न–पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ । प्रश्न–पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस् । प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ ।
3. वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर-पुस्तिकामा चिह्नित गर्नोस् ।
4. वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय–सीमा निश्चित छैन ।
5. उत्तर–पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ ।
6. उत्तर–पुस्तिकामा आफ्नो प्रश्न–पत्रको कोड नं. **64/S/O/N, Set** A लेख्नुहोस् ।

# NEPALI

## (नेपाली)

## (231)

**समय : 3 घण्टा ]** **[ पूर्णाङ्क : 100**

---

**निर्देश :** (i) **सबै** प्रश्नको उत्तर अनिवार्य छ ।

(ii) सबै प्रश्नहरू ध्यानपूर्वक पढ्नुहोस् अनि उत्तर दिनुहोस् ।

(iii) प्रश्नोत्तर सम्बन्धी दिइएका विकल्पमध्ये सर्वाधिक उपयुक्त उत्तर–पुस्तिकामा चिह्नित गर्नुहोस् ।

---

तलका प्रश्नहरूका **चार** विकल्पहरू माझ सही विकल्पलाई उत्तर–पुस्तिकामा चिह्नित गर्नु पर्नेछ : **$10 \times 1 = 10$**

1. 'मार्चिपोकान्डी' – कुन भाषाको शब्द हो ?

   (A) तमिल (B) तेलेगु

   (C) कन्नड (D) मलयालम

2. 'मार्चिपोकान्डी' भनेको के रहेछ ?

   (A) म तिमीलाई माया गर्छु (B) माया नमारे है

   (C) नबिर्स है (D) मलाई माया गर

3. सगरमाथाको उचाइमा सर्वप्रथम पाइला टेक्ने व्यक्ति को थिए ?

   (A) तेञ्जिङ नोर्के शेर्पा (B) बाबुलाल प्रधान

   (C) म्यालरी (D) एडमन्ड हिलेरी

4. 'मृगतृष्णा' कथा कसले लेखेका हुन् ?

   (A) विश्वेश्वरप्रसाद कोइराला (B) सानुभाइ शर्मा

   (C) सानु लामा (D) अच्छा राई रसिक

5. 'रुधिर' भनेको

(A) रुवाइ (B) रगत

(C) रुघा (D) रुमाल

6. 'यी केटीहरूलाई बुझ्न सारै गहारो हुन्छ' वाक्य कुन पाठमा छ ?

(A) सिपाही (B) आँखा

(C) मृगतृष्णा (D) पद्मा

7. 'म कि त गुरु कहलाउन चाहन्छु कि त केही न केही' भनेर कसले भनेका हुन् ?

(A) शेली (B) वर्ड्स्वर्थ

(C) ड्राइडेन (D) मिल्टन

8. 'नागाभूमिमा प्रवेश गर्दा वीर गोर्खालीहरूको बाहुबलको सहारा' कसले लिएका थिए ?

(A) नागा (B) असमिया

(C) अङ्ग्रेज (D) अन्य भारतीय

9. सर्वनाम कति प्रकारका छन् ?

(A) चार (B) पाँच

(C) तीन (D) छ

10. समास भनेको

(A) वर्णहरूको मेल (B) शब्दहरूको मेल

(C) वाक्यहरूको मेल (D) मान्छेहरूको मेल

11. निम्नलिखित गद्यांश ध्यानसित पढेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् : **1 + 2 + 1 + 3 + 3 = 10**

'कर्म्म क्षेत्रमा सर्वदा पाईलै पछि बाधा बिघ्न अतिक्रम गर्नु पर्दछ, तर जस्तो सुकै बिघ्न उपस्थित भये ता पनी आन्तरिक यत्न औ चेष्टा राखे त्यो अवश्य सफल हुने छ, बाधा बिघ्न उपस्थित न भये शक्ति विवेचना गर्नु सकिन्न, जस्तै पहाडमा ठोक्कर खाये र नदी को वेग झन् प्रबल हुन्छ, तेस्तै बाधा बिघ्न हरू प्राप्त भएर कर्म्म वीर हरू को कार्यकुशलता औ शक्ति धेरै वृद्धि हुँछ । निश्चेष्ट भएर कसैको केही उपकार न गरि चुप्प लागि बसि रहनु भन्दा वरु बारम्बार चेष्टा गरेर विफल मनोरथ भये पनी केही हानि छैन, कारण चेष्टा कहिल्यै विफल हुँदैन । इच्छा शक्तिका सामुन्ने असम्भव केही पनी छैन ।'

(i) अतिक्रम भनेको के हो ?

(ii) शक्ति को विवेचना कसरी गर्न सकिन्छ ?

(iii) मनोरथको अर्थ के हो ?

(iv) कार्य कसरी सफल हुन्छ ?

(v) निश्चेष्ट भनेको के हो ? किन र केका लागि निश्चेष्ट नहुनु भनिएको छ ?

12. निम्नलिखित पद्यांश ध्यानपूर्वक पढेर सोधिएका प्रश्नका उत्तर लेख्नुहोस् : **2 + 2 + 2 + 4 = 10**

निधार मेरो पसिना जडाउ छ
मोती तिनैको अनमोल भाउ छ
छ शान्तिको दीप वासमा
पीयूषको स्वाद छ गाँस गाँसमा ।

(i) 'पीयूस', 'भाउ' र 'निधार' को पर्यायवाची शब्द लेख्नुहोस् ?

(ii) प्रस्तुत पद्यांशमा केलाई किन अनमोल भनिएको छ ?

(iii) गाँस गाँसमा किन पीयूषको स्वाद छ भनेका हुन् ? प्रस्ट पार्नुहोस् ।

(iv) प्रस्तुत पद्यांशको सप्रसङ्ग व्याख्या गर्नुहोस् ।

13. सप्रसङ्ग व्याख्या गर्नुहोस् ः **5**

(क) मूर्खका मनमा अर्ती गाली तुल्य बिझाउँछ ।

दूध पान गरी सर्प खालि विष बहाउँछ ।

(ख) गोरखाली जाति कहिले बुद्धिको खान होला ।

के थियौं हामी पहिले कहिले त्यो ज्ञान होला ।।

14. 'कवि र कविता' कविताको मूलभाव प्रस्ट पार्नुहोस् । **5**

15. 'आँखा' निबन्ध अनुसार आँखाका के के गुणहरू छन् ? **2**

16. 'हुकी' को अर्थ लेखी नागाहुकीको मृत्यु कसरी भयो ? लेख्नुहोस् । **2**

17. 'नासो' को अर्थ लेखी कथामा कसले के नासो कसलाई दिएको छ ? **2**

18. 'खोली वाहाँ विपुल दिलले विश्व सारा अँगालौं' को तात्पर्य के हो ? **2**

19. तलका वाक्यांशका निम्ति सारशब्द लेख्नुहोस्: **2**

जङ्गलमा लागेको आगो, छोरीचेलीलाई दाहजोमा दिएको वस्तु ।

20. तलका कुनै दुईवटा शब्द का पर्यायवाची लेख्नुहोस् : **2**

अम्बर, धरा, पानी, दिनकर ।

21. कुनै दुईवटाका विपरीतार्थक शब्द लेख्नुहोस् : **2**

थालनी, पीयूष, निम्न, उषा ।

22. तलका कुनै दुईवटा वाग्धाराको अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस्: **2**

खुट्टा झिक्नु, आँखा लाउनु, गलाको हड्डी हुनु, टुप्पी बिक्नु ।

23. तलका कुनै दुईवटा शब्दको समास बताउनुहोस् : **4**

बाबुछोरा, बेलगाम, दोसाँध, लमकन्ना ।

24. क्रिया भनेको के हो ? क्रिया कति प्रकारका छन् ? के के ? **5**

25. तलका कुनै एउटा लोकोक्तिको भाव विस्तारा गर्नुहोस्: **5**

(क) सत्य डग्दैन झुटो टिक्दैन ।

(ख) आए आँप गए झटारो ।

26. देशमा बढ्दो जातपातको भेदभाव, हिंसा एवं बलात्कारका घटना उल्लेख गरी निराकरणका निम्तिबलियो कानून बनाउने माग गर्दै प्रधानमन्त्रीलाई पत्र लेख्नुहोस् । **5**

**अथवा**

महामारीका कारण घरमा बसेर लेखपढ गर्दा देखिएका समस्या, विद्यालयबाट केकस्ता सहयोग गर्नु उचित हुन्छ विषयमा प्रधानाध्यापकलाई पत्र लेख्नुहोस् ।

27. कोरोना महामारीको परिस्थितिमा सम्पन्न चाडबारे विवरण लेख्नुहोस् । **5**

28. (क) मद्यपानको वृद्धि र सामाजिक दुष्प्रभावबारे एउटा अनुच्छेद लेख्नुहोस् । **5**

(ख) एउटा सभामा 3000 मानिस भेला भएका छन् । जसमध्ये 1600 युवक, 500 अर्धबैंसे पुरुष, 200 वृद्ध, 350 युवती, 150 वृद्धा, 150 किन्नर, 50 बालकबालिक छन् । यसलाई एउटा पाईचार्टमा देखाउनुहोस् । **5**

29. कुनै एउटा विषयमा **200** शब्दभित्र निबन्ध लेख्नुहोस्: **10**

(क) महामारीको प्रकोप अनि बाँच्ने प्राथमिक उपाय ।

(ख) कवि अगमसिंह गिरी ।

(ग) पर्यावरण प्रदूषण ।

(घ) खेलकुद ।